आज मिति २०८१/०६/०८ गते यस बैजनाथ गाउँपालिकाका अध्यक्ष **श्री प्रकाश बहादुर शाही** ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिलका उपस्थितिमा देहायका निर्णय गरियो ।

तपसिल

| क्र. सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर शाही | अध्यक्ष | |
| २ | निर्मला रोकाया | उपाध्यक्ष | |
| ३ | रुप बहादुर मल्ल | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | राजु रुचाल ठकुरी | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | निखिल बैगार | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | प्रेम बहादुर शाही | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | देव बहादुर रावत | वडा अध्यक्ष, वडा नं ५ | |
| ८ | भूपाल पुन मगर | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | दिनेश कुमार थारु | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | भगन थारु | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | रुपा थापा | कार्यपालिका सदस्य | |
| १२ | भुमिसरा राना | कार्यपालिका सदस्य | |
| १३ | मन्जु ओली | कार्यपालिका सदस्य | |
| १४ | कृष्णा कुमारी सुनार | कार्यपालिका सदस्य | |
| १५ | फरीदुद्दीन हलवाई | कार्यपालिका सदस्य | |
| १६ | कमान सिंह सुनार | कार्यपालिका सदस्य | |
| १७ | विश्वराज ढकाल | प्रमुख प्रशासकीय अधिकृत | |
| १८ | तमाराज आचार्य | अधिकृत | |
| १९ | | | |
| २० | | | |

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.व. २०८०/८१ मा सम्झौता भई बैजनाथ गाउँपालिकाका सार्बजनिक क्षेत्रमा खानेपानी धारा जडान कार्यको लागि खानेपानी धारा जडान उ.स. र गाउँपालिका परिसर भित्र सेवाग्राही कक्ष निमार्णको लागि बैजनाथ गा.पा. सेवाग्राही कक्ष निर्माण उ.स.को मिति २०८१ कार्तिक १५ गते सम्मका लागि हिउँदे गाउँसभाबाट अनुमोदन गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा बैजनाथ गाउँपालिका कार्यालय अन्तर्गतका शाखा तथा इकाईहरुले बार्षिक स्वीकृत योजना तथा कार्यक्रम अनुसार गर्नुपर्ने खरिद कार्य सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को व्यवस्था अनुरुप एकद्वार प्रणाली कायम गरी खरिद इकाईबाट मात्र गर्ने व्यवस्था मिलाउन आवश्यक निर्देशन कार्यालयलाई दिने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा तपसिल अनुसारका संघ संस्था/ व्यक्तिले आर्थिक सहयोग माग गरेको हुनाले उल्लेखित संस्था/ व्यक्तिलाई देहायको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक सहयोग माग गर्ने संस्था/ व्यक्ति | सहयोग रकम | कैफियत |
|---|---|---|---|
| १. | बिष्णु कुमारी थापा, बैजनाथ-४, बाँके | रु.१०,०००।- | |
| २. | अखिल नेपाल रास्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी) | रु.१०,०००।- | |
| ३. | अखिल नेपाल रास्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (छैठौं) | रु.१०,०००।- | |
| ४. | रास्ट्रिय जनमोर्चा, जिल्ला कमिटि, बाँके | रु.१०,०००।- | |
| ५. | नेपाल विद्यार्थी संघ, खजुरा, बाँके | रु.१०,०००।- | |
| ६. | बिष्णु शाह, बैजनाथ-६, बाँके | रु.१०,०००।- | |
| ७. | जिल्ला कृषि सहकारी संघ लि., बाँके | रु.५०,०००।- | बिबिध खर्च शिर्षक |
| ८. | नेपाल ,महिला संघ, बाँके | रु.१०,०००।- | |
| ९. | ने.क.पा. माओवादी (केन्द्र), बाँके | रु.१०,०००।- | |
| १०. | यामु मल्ल सिंह, बैजनाथ-७, बाँके | रु.१०,०००।- | तिजको दर बिशेष कार्यक्रम |
| ११. | बस्ति ब्यबस्थापन समिति, बैजनाथ-२, बाँके | रु.२०,०००।- | तिजको दर बिशेष कार्यक्रम |
| १२. | बैजनाथ रास्ट्रिय दैनिक, बैजनाथ-६, बाँके | रु.३०,०००।- | तिज बिशेष कार्यक्रम |
| १३. | गौरीकान्त जैसी | रु.२०,०००।- | |
| १४. | नयाँ पुस्ता युवा क्लव, बैजनाथ-२, बाँके | रु.१०,०००।- | |
| १५. | नेपाल प्रजातन्त्र सेनानी संघ, जिल्ला कार्यालय, बाँके | रु.१०,०००।- | |

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा यस बैजनाथ गाउँपालिकाको वडा नं ४ र कोहलपुर नगरपालिकाको वडा नं १ र २ को सिमा क्षेत्रमा रहेका बसोबासीहरु आफु बैजनाथ गाउँपालिका भित्र रहेको वा कोहलपुर नगरपालिका भित्र रहेको भन्ने बिषयमा अन्योलता भएको, उक्त सिमा क्षेत्रमा सार्बजनिक निर्माणका कार्यहरु समेत गर्दा अन्योलता उत्पन्न भई रहेको हुँदा उक्त समस्याको समाधानका लागि नक्सा अनुसार नै सिमा कायम गरी सिमा विवाद समाधान गर्ने कार्य प्रयोजनार्थ यस गाउँपालिकाबाट उक्त क्षेत्रको नापजांच/ नापनक्साको लागि एक जना सर्भेक्षक र एक जना अमिन खटाई प्रतिबेदन तयार गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा बैजनाथ गाउँपालिका क्षेत्रभित्र व्यबस्थित शहरी बिकासलाई उपयुक्त नीति तथा योजना तयार गरी कार्यान्वयन गर्न आवश्यक 'भू-उपयोग नीति' निर्माण गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा बैजनाथ गाउँपालिकाको प्रशासकीय भवन अघिल्ला आ.व. मै सम्पन्न भएको र बिगतका आ.व. देखि नै सोहि भवनबाट सेवा प्रवाह गरीरहेकोमा हालसम्म यस प्रशासकीय भवनको अधिकारिक रुपमा उद्घाटन समेत नभएको हुँदा यस गाउँपालिकाको प्रशासकीय भवनको उद्घाटन कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा ब्रह्माकुमारी इश्वरीय विश्वविद्यालय एबम राजयोग प्रशिक्षण केन्द्रद्वारा सम्बत् २०२४ सेप्टेम्बर १५ देखि १८ सम्म आयोजित भारतको राजस्थानमा भएको अन्तरास्ट्रिय सम्मेलन तथा प्रशिक्षणमा यस गाउँपालिकाको तर्फबाट गाउँपालिकाका उपध्यक्ष श्री निर्मला रोकाया ज्युले सहभागिता जनाउनु भएको र उक्त कार्यक्रममा सहभागी हुँदा खर्चभएको रकम बापत रु.२०,०००।- (बिस हजार मात्र) भुक्तानी गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं ११ माथि छलफल गर्दा बैजनाथ गाउँपालिका वडा नं २, डीगिया स्थित श्री जनता मा.वि. ले यस कार्यालयमा पेश गरेको निबेदन पत्र, प्राबिधिक प्रतिबेदन तथा प्रहरी मुचुल्का समेतको अनुसार उक्त बिघालयमा रहेको इट्टा सिमेन्टको भित्ता तथा टिनको छानो भएको २ कोठे भवन र ३ कोठे शौचालय जिर्ण अबस्थामा रहेको र निकट भविष्यमा उक्त जिर्ण भवनहरुले मानवीय क्षति गर्न सक्ने भएको हुँदा सो भवन भत्काउन सहमति माग भएकोले प्राबिधिक प्रतिबेदन अनुसार २ कोठे भवन तथा शौचालय भत्काउन सहमति प्रदान गर्ने निर्णय गरियो ।

प्रस्तावहरुः

१. बिद्यालयको जग्गा संरक्षण सम्बन्धमा ।
२. प्रहरी चौकी/बिट सम्बन्धमा ।
३. ब्यबसाय दर्ता एवम् कर सचेतना अभियान कार्ययोजना सम्बन्धमा ।
४. उ.स.को म्याद थप गर्ने सम्बन्धमा ।
५. एकद्वार खरिद प्रणाली सम्बन्धमा ।
६. आर्थिक सहयोग सम्बन्धमा ।
७. बैजनाथ-४ र को.न.पा. को सिमाको समस्या सम्बन्धमा ।
८. भू-उपयोग नीति निर्माण गर्ने सम्बन्धमा ।
९. गा.पा.को प्रशासकीय भवनको उद्घाटन सम्बन्धमा ।
१०. धार्मिक सम्मेलनमा उपस्थित हुँदाको खर्च भुक्तानी सम्बन्धमा ।
११. जिर्ण बिद्यालय भवन भत्काउन सहमति दिने सम्बन्धमा ।

निर्णयहरुः

१. प्रस्ताव नं १ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय, बाँकेको प.सं. २०८१/८२ (ठाडो उजुरी) च.नं. ३७५ मिति २०८१/०४/२० गतेको पत्रानुसार उक्त कार्यालयमा बैजनाथ-६ स्थित श्री इश्वरी मा वि. को द.नं. १३९ मा दर्ता भएको निबेदन अनुसार बिद्यालय क्षेत्रभित्रको सार्वजनिक/सरकारी जग्गा संरक्षण सम्बन्धमा आवश्यक कारबाहीका लागि लेखि आएको हुँदा उक्त मुद्धासंग सम्बन्धित सबै पक्ष/बिपक्षलाई छलफलको लागि बोलाउने निर्णय गरियो ।
२. प्रस्ताव नं २ माथि छलफल गर्दा कोहलपुर डेभेलोपर्स प्रा.लि, बैजनाथ-५, बाँकेको च.नं. २७/०८१/८२ मिति २०८१/०५/३० गतेको पत्रानुसार न्यु सिटि, बैजनाथ-५, बाँकेमा प्रहरी बिटको स्थापना भई खानेपानी उ.स.को भवनबाट सेवा प्रबाह भई रहेकोमा प्रहरी सेवा अझ प्रभावकारी रुपमा संचालन गर्न र उक्त बिटलाई आवश्यक स्तरोन्नत गर्न आवश्यक जग्गा ( क्षेत्रफल : ०-२-०, कि.नं. २५३३) कोहलपुर डेभेलोपर्स प्रा.लि ले उपलब्ध गराउने प्रतिबद्धता गरेको हुँदा उक्त प्रहरी बिटलाई स्तरोन्नत गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो । साथै बैजनाथ-४, बानियाभारमा रहेको प्रहरी बिटलाई प्रहरी चौकीमा स्तरोन्नत, बैजनाथ-८, बाँकेमा प्रहरी बिटको स्थापना, इलाका प्रहरी कार्यालय, बनकटवा/ नौबस्तालाई मुद्धा हेर्ने गरी स्तरोन्नतिका लागि जिल्ला प्रहरी कार्यालय मार्फत जिल्ला शान्ति समितिमा सिफारिस गर्ने निर्णय गरियो ।
३. प्रस्ताव नं ३ माथि छलफल गर्दा बैजनाथ गाउँपालिका क्षेत्रभित्र संचालित सम्पूर्ण ब्यबसायलाई यस गाउँपालिकामा दर्ता/ सुचिकृत गर्ने तथा ब्यबसायीहरुमा कर सचेतना सम्बन्धि क्रियाकलाप संचालन गर्न 'बैजनाथ गाउँपालिकाको व्यवसाय दर्ता एवं कर सचेतना अभियान कार्ययोजना, २०८१' पारित गरी लागु गर्ने निर्णय गरियो ।

प्रस्तावहरु:

१. नौबस्ता औद्योगिक क्षेत्रका लागि सर्वदलीय डेलिगेशन सम्बन्धमा ।

२. ठेक्का रद्ध गर्ने सम्बन्धमा ।

३. बिषयगत समितिको गठन/पुनरगठन सम्बन्धमा ।

४. आयुर्बेद स्वास्थ्य शिविर सम्बन्धमा ।

५. खेलकुद विकास समिति अन्तर्गतका बजेट अनुमोदन सम्बन्धमा ।

६. करार सेवामा कार्यरत कर्मचारीको म्यादथप गर्ने सम्बन्धमा ।

७. इलेक्ट्रीसिएनको पारिश्रमिक सम्बन्धमा ।

८. खेलग्रामको फुटबल कोर्ट निर्माण सम्बन्धमा ।

९. शिक्षा अन्तर्गतको नियमावली, कार्यविधि तथा प्रतिबेदन सम्बन्धमा ।

१०. आर्थिक सहयोग सम्बन्धमा ।

११. कार्यक्रम संसोधन सम्बन्धमा ।

१२. ठेक्का सम्झौता भएका योजनाका बाँकि कार्य सोहि काममा प्रक्रिया अघि बढाउने सम्बन्धमा ।

१३. कृषि पशु अन्तर्गत अनुदान व्यवस्थापन सम्बन्धमा ।

१४. उपभोक्ता समितिको तालिम संचालन सम्बन्धमा ।

१५. शव-वाहन व्यवस्थापन सम्बन्धमा ।

१६. नौबस्ता औद्योगिक क्षेत्र व्यवस्थापनको लागि सिफारिस गर्ने सम्बन्धमा ।

१७. किसानसंग पालिका प्रमुख कार्यक्रमको डकुमेन्ट्री निर्माण सम्बन्धमा ।

१८. बैजनाथ गाउँपालिकाको स्मारिका निर्माण सम्बन्धमा ।

१९. गहुँको उन्नत बिउ संशोधन सम्बन्धमा ।

२०. वडा ७ को गणेशमुर्ति पुराण सम्बन्धमा ।

२१. विविध सम्बन्धमा ।

निर्णयहरुः

१. प्रस्ताव नं १ माथि छलफल गर्दा बैजनाथ गाउँपालिका अन्तर्गत निर्माण हुने नौबस्ता औद्योगिक क्षेत्रको निर्माणका लागि ३३८ बिगाह जग्गा छुट्याईएकोमा उक्त क्षेत्रमा पर्ने बस्ति व्यवस्थापनको लागि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडद्वारा ड्रोन सर्भे मार्फत गरिएको नापजाँचको आधारमा तयार गरिएको नक्सा अनुसार ५५.६ बिगाह जग्गा बैजनाथ गाउँपालिकाको बिभिन्न प्रयोजनको लागि आवश्यक पर्ने भएको हुँदा सो नया निर्मित नक्सा अनुसारको जग्गा प्रमाणीकरण गरी नेपाल सरकारको नाममा लगत कट्टा गर्न गराउनको लागि सम्बन्धित निकायमा पत्राचार गरिएको, मिति २०८१ कार्तिक ९ गते भएको सर्बदलीय बैठकको निर्णय बमोजिम उल्लेखित जग्गा व्यबस्थापनका लागि सहमति भएकोले नयाँ निर्मित नक्सा अनुसारको जग्गा प्रमाणीकरण, लगत कट्टा, नौबस्ता औद्योगिक क्षेत्र निर्माण तथा संचालनका लागि सम्बन्धित निकायहरुमा गा.पा. भित्रका क्रियाशील राजनैतिक दलका प्रतिनिधि, गा.पा. अध्यक्ष, उपाध्यक्ष, सम्बन्धित वडाका वडा अध्यक्ष, सदस्य मनोज थारु, रामचन्द्र थारु, कार्यपालिका सदस्य क्रमशः देव ब रावत, राजु रुचाल सहितको सर्बदलीय टिम डेलिगेशनमा जाने निर्णय गरियो । साथै उक्त डेलिगेशनमा जाँदा लाग्ने खर्च औद्योगिक क्षेत्र व्यबस्थापन तथा बिबिधबाट व्यहोर्ने र पेश्की स्वरूप रु ३,५०,०००|- सहयोगी / ह.स.चा. श्री रमेश बिक.क. लाई उपलब्ध गराउने निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाद्वारा आ.व. २०८०/८१ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अनुसार मिति २०८१/०५/२५ गते प्रथम पटक र मिति २०८१/०६/०६ गते प्रकाशित सूचना अनुसार आह्वान भएको ठेक्का नं BRM/NCB/SQ/GOODS/01-2081/082 : SUPPLY AND DELIVERY OF DIFFERENT MEDICINE FOR BAIJANATH GA.PA. को ठेक्का कबोल रकम लागत इस्टिमेट रकमको ३४.३०% ले घटेर कबोल गरेको जुन अघिल्लो आ.व. (२०८०/८१ मा ५८.७८ % ले घटेर कबोल गरिए ) को रकम भन्दा निकै कम घटेर ठेक्का कबोल भएको हुँदा सो ठेक्कामा कैफियत देखिकोले ठेक्का नं BRM/NCB/SQ/GOODS/01-2081/082 लाई रद्ध गर्ने र उक्त खरिद कार्यको लागि सार्बजनिक खरिद ऐनको अधिनमा रही खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा बैजनाथ गाउँपालिका अन्तर्गत रहेका विभिन्न बिषयगत समितिहरु मध्ये देहायका समिति तपसिलका सदस्य सहित पुनर्गठन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | बिषयगत समिति विवरण | पुनर्गठित पदाधिकारीको विवरण | कैफियत |
|---|---|---|---|
| १. | पूर्वाधार विकास समिति | संयोजक- कमानसिंह सुनार<br>सदस्य- पूर्व समिति सदस्यहरु (सबै) | |
| २. | आर्थिक विकास समिति | संयोजक- फरिदुद्धिन हलवाई<br>सदस्य- पूर्व समिति सदस्यहरु (सबै) | |
| ३. | वन, वातावरण तथा विपद व्यवस्थापन समिति | संयोजक- मन्जु ओली<br>सदस्य- पूर्व समिति सदस्यहरु (सबै) | |

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा यस बैजनाथ गाउँपालिका क्षेत्रभित्रका सर्बसाधारण जनताको लागि गुणस्तरीय आयुर्बेद सेवा उपलब्ध गराउने उद्येश्य सहित मासिक रुपमा प्राथमिक स्वास्थ्य सेवा केन्द्र, बनकटवा वा तोकिएको अन्य स्थानमा OPD सहितको निःशुल्क आयुर्वेदिक स्वास्थ्य चेकजांच शिविर संचालनका लागि नेपालगंज आयुर्बेद जनरल अस्पताल, बाँकेसंग ५ (पाँच) बर्षका लागि सम्झौता गर्ने निर्णय गरियो ।